का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ चैत २०८०,
शुक्रबार
15 March 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३१ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com



# लगभग एक्लिए डा.बाबुराम

जीवनको महत्वपूर्ण समय खर्चिएको माओवादी छोडेर नयाँ शक्तिमार्फत राजनीतिक यात्रा अगाडि बढाएका पूर्वप्रधानमन्त्री डा.बाबुराम पछिल्लो समय नेसपामा सक्रिय छन् । तर अहिले उनको दल नेसपासमेत संकटमा परेको छ ।

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १ चैत ।

डा.बाबुराम भट्टराईले नेतृत्व गरेको नेपाल समाजवादी पार्टी (नेसपा)मा विवाद चर्किएको छ । डा.भट्टराईले बोलाएको बैठक अर्का अध्यक्ष महिन्द्र राय यादव क्षबाट अस्वीकार भएपछि नेसपाभित्रको विवाद उत्कर्षमा पुगेको हो । डा. भट्टराई पक्षले चैत ४ र ५ मा कार्यकारीणी बैठक बोलाएको छ ।

यो बैठक आधिकारिक नभएको भन्दै अर्का अध्यक्ष यादव पक्षले आपत्ति जनाएको हो । डा.भट्टराई पक्षले भने फागुन २३ मा भएको कार्यकारीणी बैठकले केन्द्रीय समिति बोलाउने निर्णय गरेको जनाएको छ ।

केन्द्रीय कार्यालय प्रमुख रोशन पोखरेल कार्यकारिणी समिति बैठकले केन्द्रीय समिति बैठक बोलाउने निर्णय गरेको भएकाले चैत ४ र ५ मा बोलाएको कार्यकारीणी बैठक आधिकारिक भएको बताउँछन् ।

तर अर्का अध्यक्ष यादवको सहमतिबिनै एक पक्षीय रुपमा बैठक बोलाएको भन्दै महासचिव रमेशप्रसाद यादवले वक्तव्य जारी निकालेर आपत्ति जनाएका छन् । 'नेपाल समाजवादी पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठक मिति २०८० चैत्र ४ र केन्द्रीय समितिको चैत्र ५ गते बोलाइएको सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको छ' विज्ञप्तिमा भनिएको छ, 'अध्यक्षद्वयको सहमतिमा बोलाउनुपर्ने बैठक अध्यक्ष महिन्द्र राय यादवको सहमतिबिनै एकपक्षीय रूपमा अध्यक्ष डा। बाबुराम भट्टराईको निर्देशनमा बोलाइएकोले ४ र ५ गते बोलाइएको उक्त बैठक नेपाल समाजवादी पाटीको बैठक नभएको जानकारी गराउँदछु ।'

कार्यालय प्रमुख श्रेष्ठले भने पदाधिकारी, केन्द्रीय सदस्यलाई फागुन २८ मा केन्द्रीय कार्यकारिणीको बैठकको निर्णयअनुसार भन्दे सकुर्लर गरेका थिए । 'यही २०८० चैत्र ४ गते नेपाल समाजवादी पाटीको केन्द्रीय कार्यकारिणी समितिको बैठक केन्द्रीय कार्यालयमा हुने र ५ गते केन्द्रीय समितिको पूर्ण बैठक हुन गईरहेकोले यहाँहरुको गरिमामय अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ' सर्कुलरमा भनिएको छ ।

तर यो घटनाले डा.बाबुरामलाई नै क्षेति हुने कतिपय नेताहरु बताउँछन् । अर्का अध्यक्ष यादवको सहमतिबेगर अगाडि बढे डा.बाबुराम थप एक्लिने उनीहरुको चेतावनी छ । किनभने, अर्का अध्यक्ष यादवले >>> पृष्ठ २ मा

## सुर्ती उत्पादनमा प्रतिबन्ध लगाउने प्रयास

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ चैत ।

सुर्ती र सुर्तीजन्य पदार्थ उत्पादनमा प्रतिबन्ध लगाउने प्रयास भएको छ । गत मंगलबार सिंहदरबारमा संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति बैठक बसेको थियो । छलफलको विषय थियो- सुर्ती उत्पादन र यसको अवस्था । छलफलमा भाग लिने सांसदहरुले सांसदहरुले सुर्ती, खैनी तथा गुट्खा उत्पादनमा प्रतिबन्ध लगाउनुपर्ने पक्षमा मत जाहेर गरे ।

तर, यसलाई सरोकारवालाहरु संसदीय समितिमार्फत सुर्ती र गुट्खा उत्पादनमा प्रतिबन्ध लगाउने प्रयासको संज्ञा दिन्छन् । सांसदहरुले भने सुर्तीजन्य उद्योगहरुको उत्पादनको लागि मात्रै क्षमता अभिवृद्धि गर्ने हो भने पञ्चायतकालमा सञ्चालन भएको जनकपुर चुरोट कारखाना सञ्चालन गर्नुपर्ने जस्ता तर्क गरेका छन् । उनीहरुले उद्योगको पुँजी वृद्धि तथा क्षमता अभिवृद्धिको अनुमति दिइसकेपछि सो विषयमा छलफल गर्नुको औचित्य नरहेको समेत बताएका छन् ।

स्वास्थ्यमा जनतालाई असर गर्ने कुरामा राजश्वका दृष्टिकोणले मात्रै हेर्नु नहुने, पैसा कमाउने उद्देश्य मात्रै राज्यले लिन नहुने भन्दै सांसदहरुले सुर्ती, खैनी तथा गुट्खा उत्पादनमा प्रतिबन्ध लगाउनुपर्ने पक्षमा मत जाहेर गरेका हुन् ।

नेपाली कांग्रेस सांसद कान्तिका सेजुवालले सुर्तीजन्य गुट्खाहरुको उद्योग सञ्चालनको लागि मात्रै क्षमता अभिवृद्धि गर्ने हो भने पञ्चायतकालमा सञ्चालनमा आएको जनकपुर चुरोट कारखाना सञ्चालन गर्नुपर्ने बताइन् । उनले सुतीजन्य उद्योगहरुको क्षमता अभिवृद्धि गर्ने नभई रोक्ने दिशामा अघि बढ्न आवश्यक रहेको बताइन् ।

कांग्रेसकै सांसद रमा कोइराला पौड्यालले स्वास्थ्यमा जनतालाई प्रभाव पार्ने कुराले राजश्वका लागि सुर्तीजन्य पदार्थहरुको उत्पादनमा अभिवृद्धि गर्ने कुरा राम्रो नहुने बताइन् । उनले राज्यले जनतालाई असर पर्ने कुरामा पैसा मात्रै कमाउने उद्देश्यबाट प्रेरित हुनु नहुनेमा जोड दिइन् ।

एमालेका सांसद लालप्रसाद सावा लिम्बूले गुट्खा उद्योगको पुँजी अभिवृद्धि तथा क्षमता अभिवृद्धि गर्ने अनुमति दिइसकेपछि छलफल गर्नुको औचित्य नरहने बताए । अनुमति दिनुपूर्व नै छलफल हुनुपर्ने कुराको जवाफ सरकारले दिनुपर्ने उनको भनाइ छ । जसपाका सांसद रेखा यादवले गुट्खा, खैनीबाहेकका रुग्ण उद्योगमा थप लगानी गरेर स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्ने बताएकी छन् ।

**सुन तस्करीबारे छानबिन**

## गृहमन्त्रीको हातमा अनुसन्धान प्रतिवेदन



सुन तस्करीमा संलग्नहरुसँग बयान, स्थलगत अध्ययन, प्राविधिक विश्लेषणसहित तयार प्रतिवेदनमा महत्वपूर्ण सिफारिस गरिएको आयोगका सदस्यहरु बताउँछन् । तर प्रतिवेदनका अन्तर्वस्तु खुलाइएको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ चैत ।

सुन तस्करीबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । बिहीबार आयोगका अध्यक्ष एवम पूर्वन्यायाधीश डिल्लीराज आचार्यले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदन बुझ्दै गृहमन्त्री लामिछानेले आयोगले सुझाएका विषयमा गृह प्रशासनले कठोर कदम चाल्ने प्रतिबद्धता जनाए । उनले अनुसन्धानमा देखिएको दोषीमाथि कारबाही गर्ने भन्दै सुन तस्करीमा संलग्नलाई छोडिएको भए गृह प्रशासन कडा रुपमा लाग्ने बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँच पार गरेको ६० किलो सुन, झेपमार्फत् भएको सुन तस्करी लगायत विषयमा छानबिन गर्न सरकारले पूर्वन्यायाधीश आचार्यको नेतृत्वमा आयोग बनाएको थियो । उक्त आयोगमा किशोरजंग कार्की, प्रेमराज जोशी र सहकुल थापा सदस्य थिए ।

आयोगले सुन तस्करीमा संलग्नहरुसँग वयान, स्थलगत अध्ययन, प्राविधिक विश्लेषण सहित महत्वपूर्ण सिफारिस गरिएको जनाइएको छ । यद्यपि प्रतिवेदनका अन्तर्वस्तुबारे केही खुलाइएको छैन ।

सदस्यहरुका अनुसार आयोगले सीआईबीले बयान कागज गरेर छाडेका २१ जनालाई बयान गराइएको छ । थप १४ जनासँग सोधपुछ गरिएको छ । आयोगका सदस्यहरुले विभिन्न सीमा नाकामा गएर स्थलगत अध्ययन समेत गरेको थियो ।

सुन तस्करीबारे छानबिन प्रतिवेदन अध्ययन गरेपछि बिहीबार नै उपप्रधान एवं गृहमन्त्री लामिछानेले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डसँग भेट गरे । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारमा गएका १० नेपालीले एकैदिन गुमाए ज्यान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ चैत

वैदेशिक रोजगारमा गएका १० जना नेपालीको एकैदिन असामयिक निधन भएको छ । रुसी सेनामा भर्ती भएर युक्रेनसँगको युद्धमा थप ७ जना र कुवेतमा तीन जना नेपालीको मृत्यु भएको हो ।

परराष्ट्र मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै रुसी सेनामा भर्ना भएका धादिङका पूर्णबहादुर गुरुङ, जाजरकोटका नवीन शाही, उदरयपुरका पदमबहादुर घिमिरे, झापाका गंगाराम अधिकारी, बागलुङका जितबहादुर वि.क, बाँकेका सञ्जय केसी र रसुवाका सुन्दर मोक्तानको मृत्यु भएको जनाएको छ । यसअघि सरकारले रुसी सेनामा भर्ती भएका १४ जना नेपालीको मृत्यु भएको सार्वजनिक गरेको थियो । योसँगै रुसी सेनामा भर्ती भएर मृत्यु हुने नेपालीको संख्या २० पुगेको छ ।

उता कुवेतमा कारको ठक्करबाट तीन जना नेपालीको मृत्यु भएको छ । मंगलबार बिहान महबुला क्षेत्रमा कारले ठक्कर दिँदा तीन जना नेपालीको घटनास्थलमै मृत्यु भएको हो । मृत्यु हुनेमा काठमाडौं सानो भऱ्याङका सुजन कार्की, पन्चदेवल विनायक-५ अछामका सुरतबहादुर कडायत र धनुषाका धिरज गुर्मछाने मगर रहेका छन् ।

कुवेतको पापाजोन कम्पनीमा कार्यरत उनीहरू साथीलाई भेट्न गएका थिए । फर्किने क्रममा बाटो काट्दा कारले ठक्कर दिएपछि उनीहरुको मृत्यु भएको नेपाली दूतावास कुवेतका प्रथम सचिव तथा सूचना अधिकारी प्रेमराज गौतमले जानकारी दिए । मृतकका परिवार र कम्पनीसँग सम्पर्कमा रहेर शवहरु नेपाल पठाउन आवश्यक प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले कुवेतमा तीन जना नेपाली श्रमिकको ज्यान जाने गरी भएको सवारी दुर्घटनाको विषयमा जानकारी लिएको मन्त्रालयले जनाएको छ । कुवेतस्थित नेपाली दूतावासमा सम्पर्क गरी मन्त्री अर्यालले मृतक श्रमिक र उनका परिवारको विषयमा जानकारी लिएका हुन् । मन्त्री अर्यालले मृतक श्रमिकको >>> पृष्ठ २ मा

### हमास आक्रमणमा परेका नेपालीका परिवारलाई इजरायलको आजीवन भत्ता

**काठमाडौं/मस-** इजरायलले आफ्नो भूमिमा हमासको आक्रमणमा मृत्यु भएका १० नेपाली विद्यार्थीहरुको आश्रित परिवारलाई आजीवन भत्ता दिने निर्णय गरेको छ । अक्टोबर ७ मा हमासका लडाकुको आक्रमणमा परी लेकम-५ दार्चुलाका दीपेशराज बिष्ट, सपही-६ धनुषाका आनन्द साह, मधुवन-१ सुनसरीका राजेशकुमार स्वर्णकार, पाचनली-३ डोटीका राजन फुलरा, लमिखल-८ डोटीका पदम थापा, शारदा-३ सल्यानका प्रवेश भण्डारी र मालिकार्जुन-४ दार्चुलाका लोकेन्द्रसिंह धामीको मृत्यु भएको थियो ।

त्यसैगरी उक्त आक्रमणमा घोडाघोडी-४ बर्दियाका नारायणप्रसाद न्यौपाने, जयपृथ्वी-६ बझाङका गणेशकुमार नेपाली, बौनिया-३ कैलालीका आशिष चौधरीको >>> पृष्ठ २ मा

### कोरियाले वन, सेवा र रुट इण्डष्ट्री क्षेत्रमा पनि कामदार लैजाने

**काठमाडौं/मस-** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत यसै सन् २०२४ देखि थप ३ वटा क्षेत्रमा नेपाली कामदार लैजाने भएको छ । हालसम्म कृषि, उत्पादनमुलक र जाहज निर्माणतर्फ मात्रै नेपाली लैजाने गरेको कोरियाले नेपालबाट वन क्षेत्र, सेवा >>> पृष्ठ २ मा

**यूएईको एक बहु प्रतिष्ठित होलसेल मोबाइल बेच्ने कम्पनीमा रोजगारको अवसर**

कम्पनी : LEADING EDGE MOBILITY FZCO. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६४७२ LT. No.: 301518

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 1400 | ५०४२८ | | | | | | | |
| 3. | Light Vehicle Driver | 2 | 0 | | 1200 | ४३२२४ | | | | | | | |
| 4. | Salesman | 5 | 0 | | 1200 | ४३२२४ | | | | | | | |
| 5. | Salesmanager | 2 | 0 | | 1500 | ५४०३० | | | | | | | |
| 6. | Security Guard | 2 | 0 | | 1400 | ५०४२८ | | | | | | | |
| 7. | Security Supervisor | 2 | 0 | | 1600 | ५७६३२ | | | | | | | |
| 8. | Technician | 5 | 0 | | 1200 | ४३२२४ | | | | | | | |
| 9. | Technician Assitant | 5 | 0 | | 1000 | ३६०२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १३ र १५ गते (26 & 28 March 2024) मा हुनेछ ।
अन्तर्वार्ता नमस्ते जनप्रिय थकाली भान्छा घर पोखरामा मिति २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np
License No.: 1606/079/080

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२ चैत २०८०, शुक्रबार
15 March 2024, Friday

# लिभिङ टुगेदरलाई कानूनी मान्यता दिन माग गर्दै रिट दर्ता

**काठमाडौं / मस**–सर्वोच्च अदालतमा लिभिङ टुगेदरलाई कानूनी मान्यता दिन माग गर्दै रिट दर्ता भएको छ ।

अधिवक्ता अनु भट्टराईले लिभिङ टुगेदरमा बस्नेहरुको संख्या बढ्दै जाँदा विभिन्न समस्या देखिएको भन्दै यसलाई व्यवस्थित गर्न कानून बनाउनु पर्ने माग गर्दै रिट दायर गरेकी हुन् ।

अधिवक्ता भट्टराईले दायर गरेको रिट निवेदनमा कानून बमोजिम सक्षम र योग्य व्यक्तिहरु लिभिङ टुगेदरमा बस्न पाउने गरी तत्काल कानुनी व्यवस्था गर्न परमादेश माग गरिएको छ ।

लिभिङ टुगेदरमा बसेकाहरुमाथि जबर्जस्ती करणी, नाता कायमको मुद्दा लगायतमा कमी ल्याउन र यौनिक विषयलाई अनैतिक तथा चरित्र हत्याको विषयमा लिने प्रचलनको अन्त्य गर्न कानुन आवश्यक पर्ने रिटमा उल्लेख छ । लिभिङ टुगेदरसम्बन्धी कानुनमा कुन उमेर समूहका व्यक्तिहरु यस्तो सम्बन्धमा रहन पाउने भन्ने निर्धारण गर्नुपर्ने, विवाहित महिला वा पुरुष यस्तो सम्बन्धमा रहन पाउने वा नपाउने कुरा कानूनमै उल्लेख हुनुपर्ने रिटमा उल्लेख गरिएको छ ।

यस्तै, १८ वर्षमाथिका जुनसुकै उमेर समूहका तर, अविवाहितहरु, डिभोर्सीहरु, विधुवाहरु र अन्य जुनसुकै कारणले एकल जीवन व्यतित गरिरहेका महिला तथा पुरुषलाई मात्र यो सम्बन्धमा बस्न कानूनी रुपमा योग्य ठहर गर्नुपर्ने पनि रिटमा माग गरिएको छ । यस्तै, जोडीको रुपमा बसेपछि छुट्टी भिन्न हुँदाका बखतमा कायम गर्नुपर्ने वैयक्तिक गोपनीयताको विषयमा प्रष्ट कानूनमा उल्लेख गर्नुपर्ने र आपसी सहमतिबाट वा पारिवारिक दबाब वा व्यक्तिगत कारणले छुट्टी भिन्न हुन चाहेमा छुट्टी भिन्न हुनका लागि चाहिने आधार र कारण स्पष्ट हुनुपर्ने माग पनि गरिएको छ । उक्त रिटको सुनुवाईको लागि ४ चैतको लागि पेशी तोकिएको छ ।

# सूचना सही ढंगले उपलब्ध गराउन आयोगको निर्देशन

**सरु भुसाल / मध्यान्ह**
अर्घाखाँची, १ चैत



अर्घाखाँचीको सितगंगा नगरपालिकामा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय सूचना आयोग काठमाडौंको आयोजनामा सितगंगा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, पत्रकार र सूचनाको हकका अभियन्ताहरुको बृहत् उपस्थितिमा अन्तरक्रिया सम्पन्न गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए ।

सितगंगा नगरपालिकामा भएको कार्यक्रममा नेपालको संविधान २०७२ को धारा २७ मा उल्लेख भएको सूचनाको हक, सूचनाको हक सम्वन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा उल्लेख भएका व्यवस्थाहरुको बारेमा राष्ट्रिय सूचना आयोगका आयुक्त कमला वलीले सबै जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिएकी थिइन् ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त ओलीले १ वर्षको अवधीमा राष्ट्रिय सूचना आयोगले सूचना उपलब्ध नगराउने र आयोगमा उजुर परेका विभिन्न सार्वजनिक निकायलाई सचेत गराउँदै सूचना माग्ने नागरिकलाई सहज सूचना उपलब्ध गराउन निर्देशन दिएकी आयोगका सचिव ओम प्रकाश लुईटेलले जानकारी दिए । कार्यक्रमको अवसरमा सितगंगा नगरपालिकाका नगर प्रमुख छबिलाल पौडेलले मुलक निर्माण गर्न, आम नागरिकलाई सुसुचित गराउन, पारदर्शिताको लागि सूचनाको हक लागु हुनुपर्ने बताएका थिए ।

कार्यक्रममामा सूचनाको हक आम नागरिकहरुको अधिकार भएकोले नगरपालिकामा सूचना सही प्रयोजनका लागि माग्न आउने जो कोहि नागरिकहरुलाई राज्यले बन्देज गरेका बाहेक अन्य सूचना उपलब्ध गराउने र नगरपालिकामा सुशासन कायम गर्ने विषयमा कुनै कसुर बाँकी नराख्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी गराए ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख गीता भाटले सूचना दिने बानिको विकास सितगंगा नगरपालिकाले जस्तो अरु पालिकाले पनि पाठ सिक्नुपर्ने बताइन् । । कार्यक्रममा नगरपालिकाको १४ वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, नगरसभाका सदस्य कर्मचारी, विषयगत शाखाका कर्मचारी लगायतको उपस्थित रहेको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले जानकारी दिए ।

## लगभग...

आफू माओवादीमै रहने पत्र संघीय संसद सचिवालयलाई पठाइसकेका छन् । वाग्मती सकारमा आन्तरिक मामिलामन्त्री गंगानारायाण श्रेष्ठले पनि आफू माओवादीमै रहने बताउँदै आएका छन् । डा.बाबुरामले यादव र श्रेष्ठलाई माओवादी संसदीय दलबाट अलग्याउन चाहेका थिए । त्यसका लागि गत फागुन २२ गते गत निर्वाचनमा माओवादीको चुनाव चिन्हन लिएर निर्वाचित जनप्रतिनिधिलाई माओवादीबाट हटाएर नेपाल समाजवादी पार्टीको नाममा अभिलेखमा राख्न पत्र लेखेका थिए । नेपाल समाजवादीमा रहेर माओवादीको चुनाव चिन्न लिएर संघमा दुई र प्रदेशमा दुई सांसद निर्वाचित भएका छन् । संघमा सर्लाही २ बाट महिन्द राय यादव, वाग्मती प्रदेशमा सिन्धुलीबाट गंगानारायण श्रेष्ठ र गोरखाबाट फणिन्द्र देवकोटा निर्वाचित भएका थिए । संघको समानुपातिकमा उमरावती देवी निर्वाचित भएकी थिइन् ।

माओवादीसँग एकता नै गर्ने भनिएतापनि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग दूरी बढ्दै जाँदा डा. बाबुरामले माओवादी चुनाव चिन्न लिएर निर्वाचित सांसदहरुलाई अलग्याउन चाहे पन त्यस अनुसार निर्वाचन आयोगले निणय दिएन । आयोगले नेसपाका सांसदलाई पनि माओवादीकै ह्वीप लाग्ने भनेपछि डा. बाबुराम थप अप्ठ्यारोमा परेका छन् । यही बेला पार्टीमा समेत विवाद चर्किएपछि उनी थप समस्यामा परेका हुन् ।

माओवादी सशस्त्र युद्धमा होमिएर शान्ति प्रक्रिया हुँदै संविधान सभामार्फत संविधान जारी भएपछि डा. भट्टराईले माओवादी छाडेका थिए । नयाँ शक्ति हुँदै नेपाली राजनीतिमा शीर्षस्थ स्थान हासिल गर्न सकिन्छ भनेर माओवादी छाडी हिँडेका पूर्वप्रधानमन्त्री समेत रहेका डा.बाबुराम पछिल्लो समय नेसपामार्फत माओवादीसँगै नजिकिए, एउटै चिन्हमा पार्टीलाई चुनाव लडाए । तर, नेताहरुका अनुसार त्यही निर्णयले उनी थप खुम्चिएर एक्लिने अवस्थामा पुगेका हुन् ।

## सुन...

प्रधानमन्त्रीसँगको भेट लगत्तै लामिछानेले नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) वसन्तबहादुर कुँवरलाई मन्त्रालयमा बोलाएर छलफल गरे ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को अनुसन्धानबाट उन्मुक्ति पाएकाहरुबारे समेत आयोगले अध्ययन गरेको थियो । त्यसरी प्रहरी कारबाहीमा छुटेकाहरुलाई कतिपयलाई मुद्दा चलाउन सिफारिस, कतिपय प्रहरीलाई विभागीय कारबाहीका लागि सुझाइएको आयोगका सदस्यहरु बताउँछन् ।

आयोगको ब्रिफिङ लिएर प्रतिवेदन बुझेका लामिछानेले तप अध्ययन गरेर कार्यान्वयनमा तदारुकता देखाएका छन् । आयोगका अध्यक्ष आचार्यका अनुसार, कारबाही सिफारिसका विषयहरु समेटिएको प्रतिवेदन ४८५ पृष्ठको छ । यसैबीच, सुन तस्करीको अनुसन्धानकै विषयमा छलफल बोलाइएको संसदीय समितिको बैठक स्थगित भएको छ । प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले शुक्रबार बिहान ८ बजे सिंहदरवारमा बैठक राखेको थियो ।

## वैदेशिक...

शव नेपाल फर्काउनका लागि कुवेतस्थित नेपाली दूतावास तथा वैदेशिक रोजगार बोर्डलाई आवश्यक पहल गर्न निर्देशनसमेत दिएका छन् ।

नेपाली दूतावासले मृतकहरूले पाउने क्षतिपूर्तिको निमित्त घटनाको प्रकृतिको सम्बन्धमा थप बुझ्न स्थानीय कानून व्यवसायीलाई परिचालन गरिएको बताएको छ ।

## हमास...

पनि ज्यान गएको थियो । उनीहरुको परिवारले आजीवन भत्ता पाउने इजरायलले बताएको छ । विद्रोही हमासको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको परिवारलाई पनि भत्ता दिइने इजरायल सरकारले निर्णय गरेको बताइएको छ ।

## कोरियाले...

क्षेत्र र रुट इण्डष्ट्री क्षेत्रमा पनि कामदार लैजाने भएको हो ।

वैदेशिक रोजगार विभागका महानिर्देशक डन्डुराज घिमिरेले परीक्षा उत्तीर्ण भएकाहरुलाई लैजान अनावश्यक विलम्ब हुँदा असन्तुष्टि बढेपछि कृषितर्फ भाषा परीक्षा पास भएकालाई वनतर्फ र अन्यलाई सेवा तथा रुट इण्डस्ट्रीतर्फ पनि लैजान सकिने भनेर कोरियाले औपचारि करुपमा पत्रमार्फत नै जानकारी दिएको बताए ।

दक्षिण कोरियाले मोल्डिङ, कास्टिङ, वेल्डिङ, प्लास्टिक वर्किङ, सर्फेस र हिट ट्रिटमेन्ट जस्ता प्रक्रिया प्रविधिहरू प्रयोग गरी व्यापार क्षेत्रको कामलाई 'रुट इण्डस्ट्री' भनि परिभाषित गरेको छ । ईपीएस भाषा परीक्षामा पास भएका र भाषा परीक्षा पास गरेका कोरिया रिटर्नीले थप भएका ३ क्षेत्रमा अवसर पाउने बताइएको छ ।

---

चंखेली गाउँपालिका
गाउँकार्यपालिकको कार्यालय
पिप्लाङ्ग, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/०२ गते

यस चंखेली गाउँपालिका हुम्लाको आ.व. ०८०/०८१ को लागि तपसील बमोजिमको योजना निर्माण ठेक्का पट्टाबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र खरीद गरी १६ औं दिनको १२:०० बजेभित्र रित पूर्वकको बोलपत्र दर्ता गर्न आव्हान गरिएको छ ।

शर्तहरुः

१. बोलपत्र फारम रु. ३०००/- तिरी यस कार्यालयबाट खरिद गर्न लिखित निवेदनको साथ चालु आ.व. को लागि नविकरण गरिएको इजाजत-पत्र, आयकर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र र मूल्य अभिबृद्धि कर दर्ता पत्रका प्रतिलिपिहरु पेश गरी १५ औं दिनको कार्यालय समयभित्र खरिद गरी ३१ औं दिनको १२:०० बजेभित्र सिलबन्दी गरी बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ । दर्ता भएका बोलपत्र १६ औं दिनको २:०० बजे भित्र कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा चंखेली गाउँपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
२. बोलपत्र निम्न अनुसारको धरौटी रकम जमानत वापत चंखेली गाउँपालिकाको ग्लोबल आइएमई बैंक चंखेली शाखामा रहेको खाता नं २७ ३०४०१००००००२, कार्यालय कोड नं.R०६६४५०३ मा जम्मा गरिएको सक्कली बैंक भौचर वा बोलपत्र दाखिल गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको नेपाल राष्ट्र बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बीडबन्ड (बैंक ग्यारेन्टी) पेश गर्नुपर्नेछ ।
३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा गरिनेछ ।
४. बोलपत्र आइटम वाईज दर अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
५. व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्बजनिक खरिद निमावली २०६४ को नियम ४० को उप-नियम २ (ङ) बमोजिमका घोषणा-पत्र बोलपत्र साथ बोलपत्र दाताले पेश गर्नुपर्नेछ ।
६. ठेक्का स्वीकृत भएपछि ठेक्का अवधि भरमा मूल्य बृद्धि भए वापत थप दाबी गर्न पाइने छैन ।
७. कुनै शर्त राखी, म्याद नाघि आएको वा रीत नपुगी आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१०. विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसील

| सि. नं. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान कन्टेन्सेन्सी भ्याट सहित | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | CRM/HUMLA/WORKS/ NCB01/2080/081 | पिप्लाङ्ग कभर्ड हल निर्माण | ४०,००,०००.००/- | ९०,०००.००/- | - |

प्रमुख प्रशासकीय अधिकृत


## कतारमा रोजगार

कम्पनीः GOLDEN ARROW TRADE & PUBLIC SERVICES
शहरः Doha

पूर्व स्वीकृत मितिः २०८०/१२/०१ | चलानी नं.: ६०२१६५३५ | L.T. No.: 301678

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 7 | स. काममा दक्ष | 1000 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० चैत ९ गते (22 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1282/074/075

**Mahagadhi Overseas P. Ltd.**
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com



## कुवेतमा रोजगार

कम्पनी : NOON UNIVERSAL FOR GEN TRADING CO WLL
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/१२/०१ | चलानी नं.: ६०२१६५३१ | LT. No.: 301634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 9 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Service Crew | 9 | 0 | | 135 | ५८,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ९ गते (22 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोनः ४३५७०४७, ४३६१४९०
Mob.: 9851337276 | 9816935532 | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np


---

# Chame Rural Municipality
## Office of the Rural Municipal Executive
**Chame, Manang**
**Gandaki Province, Nepal**

## Invitation for electronic Bids

**In First date of Publication: 15 March 2024**

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. Interested eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Chame Healpost Construction Thanchowk | CRM-Works/4/080-081 | 5,000.00 | 650,000.00 | |

**Last date of bid submission: 15 April, 2024**

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: Nepal Bank Ltd., Chame, Manang, Nepal<br>Name of Office: Chame Rural Municipality, Chame, Manang, Nepal<br>Office Code no. : 801044001<br>Office Account no.: Ga1.1[12803000001001000001]<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank: Nepal Bank Ltd., Chame, Manang, Nepal<br>Name of Office: Chame Rural Municipality, Chame, Manang, Nepal<br>Office Code no. : 801044001<br>Office's Account No.:- 12803000003000000001 |

**Act. chief Adminstrative Officer**

# जिप दुर्घटनामा आठ जनाको मृत्यु

**भोजपुर/मस-** धरानबाट भोजपुर घोरेटारतर्फ आउँदै गरेको यात्रुवाहक जिप दुर्घटनामा मृत्यु हुनेको संख्या आठ पुगेको छ । घटनास्थलमा नै सातजनाको मृत्यु भएको थियो भने थप एकजनाको धरानमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) सुदीपराज पाठकका अनुसार मृतक सबैको सनाखत भएको छ । मृत्यु हुनेमा इटहरी-९ का चालक ४० वर्षीय मानबहादुर बस्नेत, भोजपुरको हतुवागढी गाउँपालिका-२ का ७० वर्षीया पर्वतमाया राई, सोही वडाका २३ वर्षीय चन्द्रप्रकाश राई, छ महिनाकी बालिका बिसाङ चाम्लिङ राई, हतुवागढी-५ की ३२ वर्षीया राजकुमारी राई, हतुवागढी-९ का ६८ वर्षीय पदमबहादुर थापा, ४५ वर्षीया कमला अधिकारी र हतुवागढी-५ का ४२ वर्षीय किशन राईको सनाखत भएको प्रहरी प्रमुख डीएसपी पाठकले जानकारी दिए ।

किशन राईको उपचारका क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा परी गम्भीर घाइते भएकालाई उद्धार गरी



उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।

इलाका प्रहरी कार्यालय घोरेटारबाट सातजना र हसनपुरबाट पाँचजना गरी १२ जना प्रहरीको टोलीलाई तत्काल घटनास्थलमा पठाएर उद्धारको व्यवस्था मिलाइएको प्रहरी प्रमुख डीएसपी पाठकले जानकारी दिए । घाइतेको पनि विवरण लिने काम भइरहेको प्रहरीले जनाएको छ ।

धरानबाट भोजपुरको दक्षिणतर्फ आउँदै गरेको को१ज २५९३ नम्बरको जिप बिहीबार बिहान १०:३० बजेतिर उदयपुरको बेलका-७ मैनामैनीमा दुर्घटना भएको थियो । जिपमा क्षमताभन्दा बढी यात्रु सवार रहेको देखिएकाले दुर्घटना भएको देखिएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

### बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना

(प्रकाशित मितिः२०८०।१२।०२)

यस गाउँपालिकाको मिति २०८०।०९।२२ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ। सो निर्णय उपर कसैको दावी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनुहुन समेत यसै सुचनामार्फत जानकारी गराइन्छ।

तपशिल

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | (DRM/NCB/WORKS/04/080-81) | MACHHIKHOLA-RESE-SINGLA (VC THAMAN MARG) ROAD UPGRADING WORK | BISHNU/SANGDEN/HSW JV | ४,२४,०२,३९८.९८ | |

प्रमुख प्रशासकीय अधिकृत

## Belaka Municipality
## Office of Municipal Executive
Rampur, Udayapur
Koshi Province, Nepal

### Invitation for Bids

First Date of Publication: March 15, 2024 (2080.12.02)

1. Belaka Municipality, Rampur Udayapur invites electronic bids from eligible bidders for the following construction works.

| S.N. | Contract Identification Number | Description of Work/Goods | Estimated cost inclusive of VAT & PS | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 13/BELAKA/NCB/W/2080-081 | Construction of Slab Culverts (7 nos of various span) at Belaka Municipality Ward No:- 4,5 & 9. | 98,64,277.49 | 2,50,000.00 | 3,000.00 |

2. Date, time and place of bid submission and opening.

| | |
|---|---|
| Deadline for bid submission | April 14, 2024 (2081.01.02) till 12:00 hours |
| Date, time and place of bid opening | April 14, 2024 (2081.01.02) at 13:00 hours at Belaka Municipality, Rampur, Udayapur |
| 1. Bank Account details for bid document fee | System Account Name: Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1<br>Account no.: 0770040274200007<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch<br>Rajaswa (revenue) Shirshak no: 14219 |
| Account details for bid security amount | System Account Name: Belaka Na. Pa- Dharauti Khata Ga-3<br>Account no.: 0770040274200004<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch |

3. Interested eligible bidders may obtain further information from Belaka Municipality, Rampur, Udayapur at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/.
4. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
5. Belaka Municipality, Office of Municipal Executive, Rampur, Udayapur reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

बागमती प्रदेश सरकार
**वन तथा वातावरण मन्त्रालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

### हेटौंडा उप-महानगरपालिका वडा नं. १६ र १७ मा बागमती प्रदेशको प्रशासनिक भवन निर्माण तथा संचालनको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा राय-सुझावका लागि आव्हान गरिएको सार्वजनिक सूचना

(**प्रकाशित मिति : २०८० चैत्र ०२ गते**)

बागमती प्रदेश सरकार, शहरी विकास तथा भवन कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय द्वारा प्रस्ताव गरिएको हेटौंडा उप-महानगरपालिका वडा नं. १६ र १७ मा बागमती प्रदेश प्रशासनिक भवन निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिका लागि पेश भएको छ। बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ४(३) बमोजिम राय-सुझावको लागि यो प्रतिवेदन तपसिलका स्थानहरुमा तथा मन्त्रालयको Website मा समेत सार्वजनिक गरिएको छ । उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र आफ्नो राय-सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि यस मन्त्रालयको Website: mofe.bagamati.gov.np मा हेर्नुहुन अनुरोध छ ।

**प्रतिवेदन हेर्न वा उतार गर्न सकिने स्थानहरु :**
श्री बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडा ।
श्री हेटौंडा उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवानपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर ।
श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन संकाय हेटौंडा ।

**राय-सुझाव पठाउने ठेगाना**
वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
फोन नं. : ०५७-५२६२२६
ईमेलः mofe@bagamati.gov.np, moitfe.bagamati@gmail.com

## युएईमा रोजगार

कम्पनीः TOP LAND FOR GENERAL SECURITY GUARD SERVICES EST.
शहरः UAE, DUBAI

पुर्व स्वीकृत मितिः २०८०/१२/०१ | चलानी नं.: ६०२१६५३२ | L.T. No.: 301681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 30 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 100 | 20 | | 1200 | ४३,२२४ | | | | | | | |

कम्पनीः P E G SECURITY SERVICES LLC
शहरः UAE, DUBAI

पुर्व स्वीकृत मितिः २०८०/१२/०१ | चलानी नं.: ६०२१६५३० | L.T. No.: 301682

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1200 | ४३,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**मेनपावर कार्यालय ललितपुरमा २०८० चैत ९ गते (22 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1586/079/80
**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD**
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772
E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalaygorkhahr.com.np

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय उर्लाबारीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/०२ मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय उर्लाबारीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **राम कुमार राई**<br>ना.प्र.नं.- १३९५/१३१५<br>जारी मिति - २०४६/०३/१६, जि.प्र.का. मोरङ्ग<br>बाबु - सुध्दी राज राई<br>बाजे - जनचित राई<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७ | १. **राम कुमार राई**को नाममा मालपोत कार्यालय बेलबारीमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स, वडा नं. ५ ज स्थित कित्ता नं. २७६८ र २८०७ को क्षेत्रफल क्रमश ०-०-९-१ र ०-०-१०-३ (वि.क.धु.क) जग्गा तथा उक्त जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापात समेत । |

| व्यक्तिगत जमानीकर्ताहरूको विवरण | |
|---|---|
| १. **मनमाया राई**<br>ना.प्र.नं.- ६३५२/४०७६<br>जारी मिति - २०५९/०२/१४, जि.प्र.का. मोरङ्ग<br>बाबु - आइत बहादुर तामाङ्ग<br>बाजे - सोम बहादुर तामाङ्ग<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं.०४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं.०७<br>२. **दीप्ती थापा मगर**<br>ना.प्र.नं.- १०६०/७२८७५<br>जारी मिति - २०६७/११/१६, जि.प्र.का. काठमाडौं<br>बाबु - दीपक कुमार थापा मगर<br>बाजे - दयश्वर कुमार थापा मगर<br>स्थायी ठेगाना- काठमाडौं जिल्ला, का.म.पा, वडा नं. ३४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं.०७ | ३. **राम कुमार राई**<br>ना.प्र.नं.- १३९५/१३१५<br>जारी मिति - २०४६/०३/१६, जि.प्र.का. मोरङ्ग<br>बाबु - सुध्दी राज राई<br>बाजे - जनचित राई<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं.०४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं. ०७ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय उर्लाबारी फोन नं. ०२१-५४२०६२**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२ चैत २०८०, शुक्रबार
15 March 2024, Friday

## सम्पादकीय

### बरालिएको बहस

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकता र सिद्धान्तमाथि सांसदहरूले आफ्नो राय राख्ने क्रम चलिरहेको छ । यसै वर्षदेखि सरकारले फागुनबाटै बजेटको नीति तथा सिद्धान्तमाथि छलफल गर्ने अभ्यास सुरू भएको हो । तर जुन अर्थमन्त्रीले प्रस्ताव राखेका थिए, ती अर्थमन्त्री हटिसकेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता समीकरण परिवर्तन गरेकाले अर्थमन्त्री पनि फेरिएका हुन् । नेपाली कांग्रेस नेतृत्वको गठबन्धन रहँदा डा.प्रकाशशरण महत अर्थमन्त्री थिए । महतले अर्थमन्त्रीका रूपमा ल्याएको बजेटको नीति तथा सिद्धान्तमाथि छलफल चलिरहदा भने नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुन अर्थमन्त्री छन् । सत्ता साझेदार दलका रूपमा नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रिएको छ । अर्थात् प्रचण्ड नै प्रधानमन्त्री भएपनि सत्ता साझेदार फेरिएका छन् ।

त्यसैले संसद्मा प्रस्तुत बजेट प्राथमिकता र सिद्धान्तको बहस पनि बरालिएको छ । संसदमा जुन प्राथमिकता र सिद्धान्त प्रस्तुत छ, त्यसमा एमालेका सांसदहरूले संशोधन गर्नुपर्ने भनिरहेको छ भने प्रमुख प्रतिपक्षी दलमा धकेलिएको कांग्रेस समर्थन गर्नुपर्ने अवस्थामा छ । माओवादी केन्द्र, जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीका सांसदहरू अलमलमा छन् । उनीहरू विरोध न समर्थनको अवस्थामा छन् । किनकि गठबन्धनको परिवर्तन सैद्धान्तिक आधार भन्दा पनि सत्ता भागबण्डाका कारणले भएको थियो । त्यसैले अहिलेको विरोधाभास सिर्जना भएको बुझ्न सकिन्छ । यद्यपि एकीकृत समाजवादी र जसपाका सांसदहरूले बजेटलाई सत्ताको कित्ता बदल्ने बाहना बनाउन खोजेको प्रष्ट हुन्छ ।

एकीकृत समाजवादीका उपाध्यक्ष एवं सांसद राजेन्द्र पाण्डेले बजेट निर्माणको प्रस्तावलाई हेरेर सत्ता समीकरण परिवर्तन गर्ने चेतावनी दिएका छन् । बुधबार प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिदा नै सांसद पाण्डेले आफ्नो अडान अनुसार बजेट नबने सरकारको पक्षमा उभिन नसक्ने प्रष्ट चेतावनी दिएका थिए । उनले बजेट निर्माण प्रक्रियामा सांसदहरूको भूमिका प्रष्ट हुनुपर्ने माग राखेका छन् । अर्थात् बजेटका प्राथमिकता र सिद्धान्तलाई दलहरूले सत्तासँग जोडेर व्याख्या गरिरहेको अनि त्यसैअनुसार प्रबन्ध हुन सक्ने संकेत दिएका छन् । नेपालका निम्ति यो नयाँ समस्या होइन । जबकी बजेट कुनै पार्टी वा प्रभावशाली सांसदलाई हेरेर अथवा सत्ताको बार्गेनिङका रूपमा आउन नहुने हो । बजेट देशका जनताको आवश्यकताका आधारमा सन्तुलित एवं दीर्घकालीन लक्ष्यका साथ आउनुपर्ने हो । तर बिगतमा हुँदै आएको त्रुटिलाई यसपटक पनि प्रमुख नेतृत्व र सांसदहरूले निरन्तरता दिन चाहेको प्रष्ट हुन्छ ।

# राजनीतिभित्रको ‘लाजनीति’

*हालको राजनीति भनौं गठबन्धन एकता पनि सुविधाकै लागि भएको एकता होला ! स्वार्थकै एकता होला ! स्वार्थ पूर्ति वा तल–माथि हुना साथ फेरि हालत खराब हुने हो । अतीतको अनुभव यही छ ।*

इतिहास



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशमा नयाँ गठबन्धन बनेको छ । यद्यपि, यो पुरानै पुनरावृत्ति हो । मौकामा चौका हान्न यहाँ दलहरू रातरात गठबन्धन परिवर्तन गर्छन् । यहाँ सबैले सबैको जुठो खाइसकेका छन् तर, हेर्दा भिन्न देखिए पनि हाम्रा नेताहरूको मिलिभगत छ । आलोपालो सिंहदरबार र बालुवाटार, जनता सडकमा लम्पसार अब त लोकतन्त्रमा सडकमा लम्पसार पनि गर्न नपाइने भएको छ । भएभरका ठाउँ निषेधित छन्, पञ्चायतले टुँडिखेल खुला राख्यो, लोकतन्त्रले भोटे ताल्चा लगाएको छ । देशमा संविधानले जटिल मोड लिएको धेरै वर्ष भइसकेको छ । पछिल्लो समय बजेट होलिडे पनि देखिएकै हो, अहिले बजेट मिलाउन धौधौ परेको छ, ढुकुटी खाली छ । दायित्व धेरै छ भुक्तानी भएको छैन । विकासका काम लगभग ठप्प छन् । भोलिदेखि खर्च गर्ने कानुन छैन, भन्दै १५ अर्ब एकैदिन खर्चिएकै हो । संविधानतः बनेका अङ्गहरूका बीच हुन नसकेको तालमेल र समन्वयको अभावमा यस्तो भएको हो । अहिले गठजोड गरेकाहरूबाटै कोमामा गएको संसद् दुई पल्ट फिर्ता हुँदा पनि राम्ररी चल्न नसकेको हो, अतीत धेरै सुदूर छैन हाम्रो, गठबन्धन सजातीय भनिए पनि अहिले । सधैँ नाराबाजीमा रहिरहेको हो, संवैधानिक जटिलता मात्रै होइन राजनैतिक खेलाडीहरूको अपरिपक्वता पनि देखिएकै हो ।

विकसित देशमा विकासमा प्रशासन हुन्छ, प्रशासनमा विकास हुन्छ । राजनीतिभित्र राजनीति घुसिरहन्न सधैँ ! तर, हामीकहाँ खोपमा राजनीति हुन्छ, शिक्षामा राजनीति हुन्छ, स्वास्थ्यमा सधैँ भएको हो, आवासमा पनि राजनीति, कृषिमा राजनीति, रोजगारीमा राजनीति, प्रशासनमा राजनीति, संस्थानमा राजनीति, राहत र उद्धारमा राजनीति, व्यापार र उद्योगमा राजनीति, विदेश सम्बन्धमा राजनीति सबैतिर राजनीति छ । ६० वर्ष अघिदेखि देशमा पुनर्बास र सुकुम्बासीको समस्या समाधान गर्ने भनिएको तर यसैमा राजनीति छ, भोट बैंक छ । गरीब, असहाय, जग्गा जमिन नभएकाहरूको तीन पुस्ते तथ्यांक संकलन नभई हचुवामा जग्गा वितरण गरियो । सरकार परिवर्तनसँगै ती विषय ओझेल पनि परेका हुन्, तिनलाई जग्गाभन्दा सीप र शिक्षा अनि रोजगारी दिनुपर्ने थियो । मानौं स्वदेश, विदेश सबैमा राजनीति, साँच्चै अन्य व्यवसाय सुके पनि देशको राजनैतिक व्यवसाय फुकेको छ ।

नियुक्ति, सरुवा, बढुवामा राजनीति हुँदा पनि संघीयताको कार्यान्वयन गर्ने स्थानीय तहमा ५० हजार कर्मचारीको दरबन्दी पूर्ति नभएको देख्दा उदेक लाग्छ । निजामती सेवा विधेयक संसदमा पुगेको छ । फेरि उही टालटुले अवस्थामा, प्रशासनिक संघीयता आउने छाँट छैन अझै देशमा । साँच्चै शेक्सपियरले उहिल्यै भनेका थिए- राजनीति त्यस्तो विषय हो जसले ईश्वरलाई समेत धोका दिन्छ । अहिले देउवालाई त्यही भएको छ, जनतालाई त जो आए पनि के फरक छ र !

भारतमा पनि सरकार परिवर्तन हुन्छ, तर स्थायी सरकार भनिएको प्रशासनयन्त्र बलियो छ । अमेरिकामा पनि हायर एण्ड फायर प्रणाली छ र पनि संरचना पूरै ध्वस्त हुने गरी फेरबदल हुँदैन । तर यहाँ सरकार परिवर्तन हुनासाथ प्रशासनयन्त्र गिजोलिन्छ । गृह सचिव बदलिइसकेका छन्, पंक्ति तार गर्दा । यसअघि पनि सरकारले पूर्णता नपाउँदै दुई महिना अवधिमा सरकारले धेरै पटक सचिव एवम् अन्य कर्मचारीहरूको सरुवा गरिसकेको हो । संस्थागत सुधार गर्ने क्रममा कोही राम्रा मान्छे आउलान् तर, अधिकांशतः आउने भनेका दलका कोटाबाटै हुन् । योग्यता, विज्ञता र क्षमतामा आइहाले भने ती टिक्न, बस्न सक्दैनन् ।

संयुक्त सरकारले प्रशासनमा नयाँ तलबमान पास गरेको थियो पहिले । कर्मचारीको मासिक तलबमा दुई हजार वृद्धि भयो पहिले । महँगीले आकाश छोयो । यसपालि कर्मचारीको तलब बढाउनै पर्ने हुन्छ । बजेटले नेता पाल्न पुगेको छैन, जब महँगीको तुलनामा तलबमानमा वृद्धि गर्दै जाने नीति रहेको हो तर, यो नीतिले काम गरेको छैन । तलब त्यो पनि अति न्यून वृद्धि हुन नपाई बजार भाउले दिन दिनै आकाश छोएकै छ ।

